बैठक नं.२०

आज मिति २०८०/०३/०९ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको २:३० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिका हल ।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन मगर | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | राधा |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | टेकराज पन्थी | सचिव | |

चिने श्रेष्ठ - का वा वडाध्यक्ष - ६

प्रस्ताव नं.२०.१
**मिति २०८०/३/६ मा बसेको अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।**
निर्णय नं.२०.१

- बुटवल उपमहानगरपालिकाको नगरसभाको १३ औं अधिवेशनमा आ.व.०८०/०८१ को लागि प्रस्तावित नीतिहरु माथि दफावार छलफल गरी उक्त नीतिहरु मिति २०८०/३/७ गते दिनको १.०० बजे बसेको नगर सभाको १३ औं अधिवेशनको प्रथम बैठकमा टेवुल भएको र सोही मितिको दोस्रो बैठकमा दफावार छलफल भई पारित समेत भएको ।
- बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका जग्गाको क्षेत्रगत आधारमा मूल्याँकन र रजिष्ट्रेशन शुल्क प्रयोजनका लागि न्यूनतम मूल्य निर्धारण साविक बमोजिमकै दररेट कार्यान्वयन हुन भनी मालपोत कार्यालय, बुटवलमा सिफारिस गर्ने गरी निर्णय लिइएको ।
- बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका बाटोमा परेका जग्गाहरुको लगत एकीन गरी १५ दिन भित्रमा अभिलेख तयार गरी पेश गर्न पूर्वाधार विकास समितिलाई थप जिम्मेवारी तोक्ने गरी निर्णय भएको ।
- एच.आई. भि/एड्स कार्यक्रम व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ (संशोधन २०८०) मा केही संशोधन गरी स्थानीय राजपत्रमा समेत प्रकाशित गरि सकिएको ।
- पुराना सामानहरु हस्तान्तरण फाराम भराई उपलब्ध गराउने गरी निर्णय गरिएको ।
- स्वास्थ्य तर्फका अधिकृतस्तर छैटौं तह (प्रा.) र ईन्जिनियर, अधिकृतस्तर छैटौं तहका कर्मचारीहरुको असाधारण विदा स्वीकृतिका लागि सिफारिस गर्ने गरी निर्णय लिइएको ।
- केही व्यक्ति एवं संघसंस्थाहरुलाई सहयोग उपलब्ध गराउने गरी निर्णय लिइएको ।
- स्वमूल्याँकन प्रणाली (Lisa) ले निर्दिष्ट गरे बमोजिम सेवाग्राहीमा प्रवाह भएको सेवा प्रतिको प्रतिकियाका लागि सर्वेक्षण गरी विषयको जानकारी मूल्याँकन गरिएको ।

प्रस्ताव नं.२०.२
**आ.व. ०८०/०८१ को लागि आम्दानी र खर्च (आय व्यय) को अनुमान बजेट माथि छलफल सम्बन्धमा निर्णय नं.२०.२**
आगामी आ.व.०८०/८१ का लागि यस बुटवल उपमहानगरपालिकाको आम्दानी र खर्च (आय व्यय) को अनुमान (वजेट) सहितको रु २ अरब ३६ करोड ५४ लाख बरावरको वार्षिक बजेट तथा कार्यक्रम मिति २०८०/३/१० गते दिनको १.०० बजे बस्ने नगरसभाको १३ औं अधिवेशनको तेस्रो बैठकमा उपप्रमुख श्री सावित्रा देवी अर्यालले प्रस्तुत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.२०.३
**अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, (आर्थिक विधेयक) २०८० माथि छलफल सम्बन्धमा ।**
निर्णय नं.२०.३
राजश्व परामर्श समितिको विभिन्न मितिहरुमा बसेको बैठकको सिफारिस समेतका आधारमा कार्यालयबाट तयार भई पेश हुन आएको कर तथा गैर कर राजश्वका दरबन्दी सहितको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, (आर्थिक विधेयक) २०८० मिति २०८०/३/१० गते दिनको १.०० बजे बस्ने नगरसभाको १३ औं अधिवेशनको तेस्रो बैठकमा प्रस्तुत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.२०.४
**खर्च सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, (विनियोजन विधेयक) २०८० माथि छलफल सम्बन्धमा ।**
निर्णय नं.२०.४
विभिन्न मितिहरुमा भएका वडाभेला, विषयगत समितिहरु र बजेट तर्जुमा समितिमा समेत दफावार छलफल गरी आजको बैठकमा प्रस्तुत हुन आएको आ.व.०८०/०८१ का लागि प्रस्तावित खर्च सम्बन्धी

प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक (विनियोजन विधेयक), २०८० माथि छलफल गरियो । उल्लेखित विधेयक मिति २०८०/३/१० गते दिनको १.०० बजे बस्ने नगरसभाको तेह्रौं अधिवेशनको तेस्रो बैठकमा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव न.२०.५**

**तिनाउँ र दानव नदीको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धमा ।**

**निर्णय नं.२०.५**

बुटवल उपमहानगरपालिका अन्तर्गत तिनाउँ र दानव खोलाको वगर वडा नं.११ देखि वडा नं.१५ सम्मको घाटहरुमा नदीजन्य पदार्थ उत्खनन गरी बिक्री वितरण गर्ने प्रयोजनका लागि श्री माउन्टेन थटस प्रा.लि., ललितपुर र वि.पी ईन्जिनियरिङ्ग कन्सल्टेन्सी रुपन्देहीबाट प्रारम्भिक वातावरणीय परीक्षण गराइएकोमा सम्बन्धित परामर्शदाताहरुले पेश गरेको अध्ययन तथा प्रतिवेदन प्रस्तुत भई छलफल गरियो । प्राप्त राय सुझावहरु समेत समावेश भएको पाईएको हुँदा परामर्शदातावाट प्राप्त देहायको IEE को अन्तिम प्रतिवेदनहरु स्वीकृत गर्ने निर्णय गरियो ।

१- वडा नं.११ (तिनाउँ नदीको पुल देखि बुद्धनगरको पुल सम्म) को घाटहरु- श्री माउन्टेन थटस प्रा.लि., ललितपुर ।

२- वडा नं.११ (बुद्धनगरको पुल देखि मगरघाट पुल सम्म)को घाटहरु-श्री माउन्टेन थटस प्रा.लि.,ललितपुर ।

३- वडा नं.१२, १३, १४ र १५ सम्म दानव नदी स्थित घाटहरु-श्री वि.पी, ईन्जिनियरिङ्ग कन्सल्टेन्सी,रुपन्देही ।

**प्रस्ताव नं.२०.६ विविध ।**

**प्रस्ताव नं.२०.६.१**

**नाप नक्शाँकनको प्रकिया अगाडि बढाउन राष्ट्रिय भूमि आयोग जिल्ला समिति रुपन्देहीमा सिंफारिस गर्ने सम्बन्धमा ।**

**निर्णय नं.२०.६.१**

बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका भूमिहिन दलित, भूमिहिन सुकुम्वासीहरुलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित वसोवासीहरुलाई व्यवस्थापन गर्ने उद्येश्यले वडास्तरबाट लगत संकलनको कार्य समाप्त भई सकेको छ । अव्यवस्थित क्षेत्रको नाप नक्शाँकनको प्रकिया अगाडि बढाउने सन्दर्भमा कार्यरत प्राविधिक जनशक्ति (सर्भेक्षक र अमिन ) हरुद्धारा वडा नं.४, ११, १२ र १५ अन्तरगतका तपसिल बमोजिमका व्लकहरु छुट्टयाउने कार्य सम्पन्न भइसकेकोले प्राविधिकहरुद्धारा पेश भई व्लक छुट्टयाउने कार्य सम्पन्न भएका उल्लेखित वडाहरु अन्तरगतका तपसिल बमोजिमका योग्य व्लकहरुको नाप नक्शाँकनको प्रकिया अगाडि बढाउन राष्ट्रिय भूमि आयोग जिल्ला समिति, रुपन्देहीमा अनुरोध गर्ने निर्णय गरियो ।

| क्र.सं. | वडा नं. | व्लक नं. |
|---|---|---|
| १ | वडा नं.४ | २, ३ |
| २ | वडा नं.११ | १८ |
| ३ | वडा नं.१२ | ४३ |
| ४ | वडा नं.१५ | ९ |

**प्रस्ताव नं.२०.६.२**
**कार्यदलबाट प्राप्त प्रतिवेदन सम्बन्धमा ।**
**निर्णय नं.२०.६.२**
मिति २०८०/२/३१ मा वसेको नगरकार्यपालिकाको १८ औं बैठकको निर्णय नं.१८.८.३ बाट कर्मचारीहरुको ग्रेड सम्बन्धमा गठित कार्यदलबाट पेश हुन आएको प्रतिवेदन आजको बैठकमा पेश भई जानकारी भयो । प्राप्त प्रतिवेदनको आधारमा कार्यान्वयनका लागि नगरसभाको तेह्रौं अधिवेशनमा पेश गर्ने निर्णय गरियों । साथै समायोजन भई आएका सबै कर्मचारीहरुको तलवी प्रतिवेदन समेत नगरकार्यपालिकाको कार्यालयबाटै पारित गर्ने व्यवस्था मिलाउनका लागि सभामा पेश गर्ने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुख ज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।